**नेपाल सरकार**

# राष्ट्रिय परीक्षा बोर्ड

**सानोठिमी, भक्तपुरको**

## कक्षा १२ को ग्रेडवृद्धि (पूरक) परीक्षाको परीक्षाफल प्रकाशन सम्बन्धी विज्ञप्ती

राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरद्वारा २०८० साल असोज ९ र १० गते सञ्चालन भएको कक्षा १२ को ग्रेडवृद्धि (पूरक) परीक्षार्थीहरुको परीक्षाफल राष्ट्रिय परीक्षा बोर्डको मिति २०८०/०७/२३ गतेको निर्णयानुसार प्रकाशित गरिएको छ । परीक्षाफलको विवरण निम्नानुसार रहेको छ ।

| विवरण | कूल परीक्षार्थी | ग्रेड प्राप्त गर्ने परीक्षार्थी | ग्रेड प्राप्त गर्ने परीक्षार्थीको प्रतिशत |
|---|---|---|---|
| परीक्षार्थी संख्या | १,१७,८८२ | ८८,९४७ | ७५.४५% |
| परीक्षा रद्द गरिएको परीक्षार्थी संख्या | १५ | | |

**निम्न क्रमाङ्क भएका परीक्षार्थीहरूको परीक्षफल रद्द गरिएको छ :**

९१६२४७७९ ९१६२४७८० ९१६२४७८१ ९१६२४७८३ ९१६२४७८९ ९१६२४७९७ ९१६२५२६२ ९१६२५४६७
९१६२५५५२ ९१६२५७२९ ९२७४८६२७ ९२७४८६३६ ९२७४८६५२ ९२७४८६६६ ९२७४८७३१

परीक्षाफल सम्बन्धी जानकारी तपसिल बमोजिमको Website, SMS Service र IVR Service बाट प्राप्त गर्न सकिनेछ :

**Website :**

१. राष्ट्रिय परीक्षा बोर्डको website: www.neb.gov.np
२. नेपाल टेलिकमको website : https://neb.ntc.net.np

**SMS सेवा :**

१. नेपाल टेलिकमको १६०० मा SMS गर्ने तरिका : NEB <space> Symbol No. टाईप गरी **१६००** मा SMS गर्ने ।

**IVR सेवा :**

१. नेपाल टेलिकमको १६०१ नम्बरमा डायल गरी प्राप्त निर्देशानुसार नतिजा प्राप्त गर्न सकिने छ ।

**USSD सेवा :**

१.* १६०१# नम्बरमा डायल गरी प्राप्त निर्देशानुसार नतिजा प्राप्त गर्न सकिने छ ।

**पुनश्चः-**

१. **प्रमाणपत्र उपलब्ध गराउने सम्बन्धी व्यवस्थाः**
कक्षा १२ को ग्रेडवृद्धि (पूरक) परीक्षामा सहभागी भई प्रत्येक विषयको सैद्धान्तिक परीक्षामा कम्तिमा D ग्रेड प्राप्त गरेका परीक्षार्थीहरूले मिति २०८० साल मंसिर ७ गते पश्चात्मात्र ट्रान्सक्रिप्ट, माईग्रेसन, प्रोभिजनल र ग्रेडवृद्धि (TMPG) प्रमाणपत्रका लागि रसिद काट्न सक्नेछन् । शैक्षिक प्रमाणपत्र प्राप्तिका लागि कक्षा ११ र १२ मा तोकिएको न्यूनतम ग्रेड प्राप्त गरेको ग्रेडसिट/लेजरको प्रमाणित प्रति ***अनिवार्य रुपमा संलग्न गर्नुपर्ने छ ।***

२. परीक्षाफल प्रकाशन पश्चात् आफूले प्राप्त गरेको कुनै विषयको ग्रेडमा चित्त नबुझी पुनर्योग गर्न चाहने परीक्षार्थीहरूले प्रति विषय रु. ५००।- (पाँच सय) का दरले दस्तुर बुझाई पुनर्योगका लागि ग्रेडसिट/मार्कसिट वा website बाट डाउनलोड गरेको ग्रेडसिट/मार्कसिट संलग्न गरी परीक्षाफल प्रकाशन भएको मितिले **१५ (पन्ध्र)** दिन (**२०८० मंसिर ०८ गते, उक्त दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्टसम्म**) भित्र राष्ट्रिय परीक्षा बोर्डको सम्बन्धित कार्यालयहरू वा **राष्ट्रिय परीक्षा बोर्ड, सानोठिमी, भक्तपुर**मा आवेदन दिन सक्नेछन् ।

३. परीक्षाफल प्रकाशनका क्रममा कुनै त्रुटि (स्थगित वा अनुपस्थित, विषय फरक पर्ने, नाम थर, रजिष्ट्रेशन नम्बर फरक पर्ने आदि) देखिएमा बोर्डका सम्बन्धित कार्यालयहरू वा **राष्ट्रिय परीक्षा बोर्ड, सानोठिमी, भक्तपुरमा नतिजा प्रकाशन भएको मितिले ६ महिनाभित्र** आवश्यक कागजात सहित निवेदन पेश गर्न अनुरोध गरिन्छ । म्याद नाघी आएका र रित नपुगेका निवेदन उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारीका लागि अनुरोध छ ।

४. नतिजामा प्राविधिक कारणले कुनै त्रुटि भएमा परीक्षा नियन्त्रण कार्यालयको मूल अभिलेखबाट सच्याइने छ ।

- परीक्षा नियन्त्रक
मिति : २०८०/०७/२३